पञ्ञा नरानं रतनं

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

अ.ने.भि. महासंघ द्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापित बु.सं. २५०७

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन


अंक-९ | बु.सं. २५५४ | बि.सं. २०६७ जेष्ठ | ने.सं. ११३० | ई.सं. २०१०

# नेपालका पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर

– कोण्डन्य

**पुनर्जागरणको पृष्ठभूमि :**

बुद्धजन्मभूमि नेपाल राष्ट्रमा स्थविरवाद बुद्धधर्मको पुनर्जागरण जहाँनिया राणाशासनको अन्त्यतासँगै जगमगाएको थियो । बि.सं. १९७५ (सन् १९२८) मा नेपालकै इतिहासमा पुनजार्गरित थेरवाद बुद्धधर्ममा पहिलो प्रव्रजित-श्रमणका रुपमा भिक्षु महाप्रज्ञाको उद्‌भवसँगै बि.सं. १९७८ (सन् १९३०) भिक्षु प्रज्ञानन्द (कर्मशील) को उदय हुन्छ । दुबैजना भारतको कुशीनगरमा म्यानमारका श्रद्धेय ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा श्रामणेर-दीक्षा प्राप्त गरेका थिए । राणाशासनको अन्त्यतासँगै प्रजातन्त्रको गोधुलीसँगै धर्म, भाषा, समाज, राजनीति, शिक्षा आदि क्षेत्रमा आमूल परिवर्तनका लागि ठूल-ठूला अभ्यास जारी रहे । त्यतिबेला बुद्धधर्मको जागरणमूलक प्रचार एवं नेपाल भाषाको प्रचारमा लाग्नेहरूसमेत देश निकालामा परे, जेल जीवनजस्तो कष्टकर जीवनयापन गर्नुपरेको थियो । श्री ३ जुद्ध शम्शेर महाराजले बि.सं. २००१ श्रावण १५ गतेका दिन आठजना नेपाली भिक्षु-श्रामणेरहरूलाई स्वदेशबाट निकाला गरेको कलंकित इतिहास जीवित नै छ । क्रूरतम अमानवीय देश निकालाको त्यो कालो दिवसले बुद्धधर्म र नेपालभाषाभाषेलीहरूमा झन् उर्जा प्रदान गरेझैं भयो । त्यसका विरुद्ध



विभिन्न अभियानकै लागि बि.सं. २००१ कार्तिक १५ गतेका दिन सारनाथमा "धर्मोदय सभाको" गठन हुन्छ । सारनाथबाटै प्रकाशित हुने 'धर्मदूत' ले पनि भिक्षुहरूको स्वदेश आगमनार्थ ठूलो सहयोगी भूमिका निभाउन प्रयास जारी राख्यो । पछि 'धर्मोदय' प्रकाशनले बुद्धधर्म र नेपालभाषा दुवैलाई सँगसँगै अगाडि बढाउने कार्य भयो । नेपाली भिक्षु अमृतानन्दको सकृयता एवं श्रीलंकाली शुभेच्छुक धर्मदूत मण्डलको पहलमा निष्काशित भिक्षुहरूलाई स्वदेश आगमनमा छुटको घोषणा गर्न श्री ३ पद्मशम्शेर महाराज बाध्य भए ।

**नेपालमा संघनायक परम्परा :**

भिक्षु महाप्रज्ञा तथा भिक्षु प्रज्ञानन्दपछि क्रमशः भिक्षुहरु शाक्यानन्द, धर्मालोक, अनिरुद्ध, अमृतानन्द, सुबोधानन्दको उदयसँगै बुद्धशासनिक चर्याहरु थपिदै जान्छ । उहाँहरूको अविस्मरणीय योगदानलाई बिर्सन सकिने छैन भने उहाँहरु नै नेपालको थेरवाद बुद्धशासनमा अग्रगण्य व्यक्तित्व थिए । उहाँहरूको आगमनपछि बि.सं. २००१ सालमा धर्मोदयको स्थापना, २००८ सालमा अखिल नेपाल भिक्षु महासंघको स्थापना, २०१३ सालमा चतुर्थ अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनार्थ मार्ग खुल्दैगए । विस्तारै विहारहरु पनि थपिदै जान्छ र भिक्षु संघले

बाँकी पृष्ठ ३ मा

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।

पञ्ञा नरानं रतनं
तिपिटक
अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

सल्लाहकार
**भिक्षु निग्रोध**

सम्पादन मण्डल
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**
**मन्दिप महर्जन**

कम्प्यूटर सेटिङ्ग
**बिनोद महर्जन**

**यस परियत्ति बुलेटीन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
फोन/फ्याक्स्. ४६२२२५०
P.O.Box : 8973 NPC 327
E-mail : vishwa@ntc.net.np
www.nepalpariyatti.com

## धर्मलाई जीवन्त राख्नको लागि परियत्ति शिक्षा

*सम्पादकीय*

सर्वप्रथम आफुलाई ठीक ठाउँमा राख्नु, त्यसपछि अरूलाई उपदेश दिनु र बहुजन हितको लागि कार्य गर्नु बुद्धशिक्षाका उद्देश्य हुन् । त्यसको लागि चित्त निर्मल पार्नु पुर्व-आवश्यकता हो । चित्त निर्मल पार्ने विधिको रूपमा भगवान बुद्धले शील, समाधि र प्रज्ञाको उपदेश दिनुभएको थियो । बुद्धका ती शिक्षाहरूलाई व्यवहारमा प्रयोग गर्न सकेमा उद्देश्य प्राप्त गर्न सहज हुने कुरामा शंका छैन । तर मानिसहरू जिज्ञासु बनेर जानकारी लिने काम सहज रूपमा गर्छन् तर ती शिक्षाहरूलाई आफ्नो जीवनमा वास्तविक रूपमा प्रयोग गर्न पछाडि परिरहेका हुन्छन् वा गाह्रो मानिरहेका हुन्छन् । शिक्षालाई सामान्य रूपमा जानकारी लिने विषयमा मात्र सीमित राखेर त्यसलाई व्यवहारमा प्रयोग गर्ने कार्यमा हुने ढिलाईले प्राप्त हुनुपर्ने लाभबाट प्रायः वन्चित रहन्छन् । धार्मिक क्षेत्रमा लाग्ने मानिसहरूमा देखापर्ने यो एउटा महत्वपूर्ण कमजोरीको रूपमा लिन सकिन्छ ।

बुद्धको शिक्षाको बारेमा जानकारी प्राप्त गर्न वर्तमान समयमा विभिन्न विद्यालय तथा विश्वविद्यालय विद्यमान छन् जसको कारण बुद्धशिक्षाको अध्ययनको क्षेत्रलाई व्यापक बनाएको छ र सर्वसाधारणलाई बुद्धको शिक्षा प्राप्त गर्न सहज बनाएको छ । तर आफ्नो र बहुजनको हित गर्ने यस शिक्षालाई डिग्री प्राप्त गर्नेमा वा विज्ञ वा पण्डित भनेर चिनाउने र समाजमा प्रतिष्ठित हुनलाई मात्र सीमित हुने किसिमको आभास पनि भईरहेको छ ।

बुद्धको शिक्षा वा धर्मको उपयोग जीवनलाई सही दिशामा दोऱ्याउनको लागि हुनुपर्दछ । जीवनको महत्व बुझेर त्यसको सही सदुपयोग गर्नु नै धर्मको उद्देश्य हुन्छ । त्यसको लागि धर्ममा अन्तर्निहित कुरालाई जीवनको प्रत्येक पाइलामा पछ्याउनु आवश्यक हुन्छ । तर धर्मलाई बुझेका भनाउँदाहरू धर्मको बारेमा वकालत गर्न दिनरात लागिपर्छन् तर आफुलाई त्यसमा प्रवृत्त गराउने क्रममा कमजोर बन्न पुग्छन् । विविध परिस्थितिमा आफुलाई संयमित पार्नुपर्ने धार्मिक भनाँउदाहरू व्यवहारमा आफुलाई त्यसअनुरूप प्रस्तुत गर्न सकिरहेका हुँदैनन् र धर्मबाट लाभान्वित भईरहेको हुँदैनन् ।

त्यसको कारण हो अभ्यासको कमी , धर्मलाई सतही रूपमा बुझ्नु एउटा कुरा हो भने त्यसलाई आफ्नो दैनिक जीवनमा अभ्यास गर्नु निक्कै कठीन हुन्छ । धर्मलाई जीवनको महत्वपूर्ण विषयको रूपमा लिएर व्यवहारमा प्रयोग गर्न उत्साह र वीर्यको आवश्यकता हुन्छ । उत्साह र वीर्यको कमीले धर्मका विज्ञ भनाउँदाहरू पनि आवश्यक परिस्थितिमा त्यसलाई आत्मसात गर्न चुक्छन् ।

धर्मको अभ्यासमा हुने यस्ता कमजोरीको मूल कारण धार्मिकशिक्षा आर्जन गर्नुको मूल उद्देश्यसित सम्बन्धित हुन्छ। शिक्षाआर्जन यदि डिग्री प्राप्त गर्ने, विज्ञ भनाउने र समाजमा प्रतिष्ठित बन्ने मात्र उद्देश्य भएमा त्यस्ता व्यक्तिहरूले धर्मलाई वास्तविक रूपमा अभ्यास गर्न सकिँदैन । फलतः त्यसबाट हुने लाभ प्राप्त गर्न सकिँदैन ।

धर्मबाट लाभान्वित त्यतिबेला मात्र गर्न सकिन्छ जसले यथार्थतालाई बुझेर गम्भीर अभ्यास गर्दछ र धर्मको यथार्थ बुझाई त्यसबेला मात्र हुन्छ जब त्यसलाई मात्र बौद्धिक विषयको रूपमा नलिई त्यसमा प्रवृत्त हुन उत्साहपूर्वक अभ्यास गर्दछ । अन्यथा धर्मको बारेमा सामान्य जानकारी त हुन्छ तर त्यसबाट प्राप्त हुनुपर्ने आध्यात्मिक लाभबाट वन्चित हुन पुग्छन् । कुनै पनि वस्तुलाई मानिसहरूले परम्परा र अस्तित्वसँग जोडिएको भन्ने आधारले छोटो समयको आफ्नो भनेर साथ दिएपनि जीवनमा प्रत्यक्ष लाभ नहुने भएमा त्यस चीजलाई निरन्तरता दिने छैन । त्यसकारण कालान्तरसम्म धर्मलाई जीवन्त राख्न मानिसहरू धर्ममा सँस्कारित हुनु आवश्यक हुन्छ र धर्मबाट प्रत्यक्ष लाभ प्राप्त गर्न सक्नुपर्दछ ।

धर्मद्वारा लाभान्वित हुने नै हो भने शुरू देखि नै धर्मको अध्ययनको उद्देश्य सही र स्पष्ट हुनुपर्दछ तथा धर्मलाई अभ्यास गर्नमा उत्साह र वीर्य बढाउनु पर्दछ । नत्र बुद्धले भन्नुभए झैं डाडुले तरकारीको स्वाद थाहा नपाए झैं मुर्खहरू पनि जिन्दगी भर धर्मको संगत गरेर पनि धर्मको स्वाद प्राप्त गर्न नसक्ने हुन्छन् । नेपाल बौद्ध परियत्ति शिक्षा जुन अहिले महत्वपूर्ण बौद्ध शैक्षिक संस्थाको रूपमा विद्यमान रहेको यसले धर्मको सैद्धान्तिक पक्षको साथसाथै धर्मलाई अभ्यस्त गराउने र त्यसको लागि आवश्यक वातावरण समेत बनाउने कार्यमा केहि हदसम्म योगदान दिइरहेको महसुस जनमानसले गरिरहेको छ । यसलाई अझ बढी धर्ममा अभ्यस्त बनाउने शिक्षाको रूपमा विकास गर्न सके एकातिर धर्मलाई जीवन्त राख्ने कार्यमा महत्वपूर्ण योगदान गरेको ठहरिने छ र अर्कोतिर आफ्नो अस्तित्वलाई पनि कालान्तरसम्म निरन्तरता दिन सफल हुने कुरामा दुई मत हुने छैन । ♦

# नेपालका पूज्यपाद.....

विनय सम्मतिको आधारमा नेपाल अधिराज्यव्यापी स्थविरवाद बुद्धशासनका नायकका रूपमा पूज्यपाद संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरलाई पहिलो संघ महानायकका रूपमा स्थापित गरेएता क्रमशः दुतीय संघनायक भिक्षु शाक्यानन्द महास्थविर, तृतीय संघनायक भिक्षु अनिरुद्ध महास्थविर, चौथौं संघनायक भिक्षु सुबोधानन्द महास्थविरलाई पदासीन गरिएको थियो । बि.सं. २०६० चैत्र १६ का दिन भिक्षु संघले नेपालका संघनायक भिक्षु सुबोधानन्द महास्थविर तथा संघउपनायकमा भिक्षु बुद्धघोष महास्थविरलाई संघसम्मतिअनुसार पदस्थापन गरेको थियो । गत २०६३ जेठ २ नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधनपश्चात् भिक्षु संघले संघसमागमबीच सुमङ्गल विहारको सीमागृहमा संघकर्म गरी संघनायकोपतिट्ठानविधिपूर्वक २०६३ जेठ २४ गते संघउपनायक भिक्षु बुद्धघोष महास्थविरलाई "नेपालको पाँचौं पूज्यपाद संघनायक" का रूपमा प्रतिस्थापना गरिएको थियो । ९० वर्षिय नेपालका पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर ललिपुरस्थित सुमङ्गल विहार, लुँखुसिमा विगत पाँच दशकभन्दा अगाडिदेखि निरन्तर आवासीय रूपमा बस्दैआउनुभएको छ ।

**भिक्षु बुद्धघोषको उदय** :

थेरवाद बुद्धधर्मको पुनर्जागरणकालले बामे सरेको इतिहासकालीन व्यक्तित्वमध्ये वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर पनि एक सशक्त व्यत्तित्व नै हुनुहुन्छ । त्यतिबेला सारनाथबाट प्रकाशन हुने 'धर्मदूत' बौद्ध मासिक पत्रिकाको अध्ययन एवं त्यसको प्रभावले काठमाडौंस्थित ठँहिटीको क्वाबहालमा पिता पूर्णानन्द तथा माता सूर्ज्यमायाको कोखबाट बि.सं. १९७८ आश्विन शुक्ल एकादशीका दिन जन्मेका सप्तरत्न वज्राचार्य तत्कालीन प्रभावशाली भिक्षु प्रज्ञानन्दको सम्पर्कमा पुगे । भिक्षु प्रज्ञानन्दको प्रभावले बि.सं. १९९७ माघ शुक्ल पूर्णिमा (सिपुन्ही) का दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा सप्तरत्नले श्रामणेरदीक्षा प्राप्त गरी 'श्रामणेर बुद्धघोष' मा परिणत भए । पुनर्जागरित बुद्धशासनिक क्षेत्रमा वज्राचार्य कुलबाट प्रथमवार श्रमण जीवनमा प्रवेश गर्नुहुने सप्तरत्न गुरूजु श्रामणेरदीक्षा प्राप्तपछि शुद्ध बुद्धधर्म अध्ययनार्थ बर्मातिर लाग्नुभयो, बुद्धधर्मसम्बन्धी ६ वर्षसम्म अध्ययनपछि नेपाल फर्कनुभयो । अध्ययनकै क्रममा वि.सं. २००० आषाढ शुक्ल सप्तमीका दिन (सन् १९४३) जातवेनको मण्डले नामक सीमागृहमा अग्गमहापण्डित ऊ. केतुमाला महास्थविर (भउँप्यौ सयादो) को उपाध्यायत्वमा श्रामणेर बुद्धघोष उपसम्पदादीक्षा प्राप्त गरी भिक्षु बुद्धघोषमा परिणत हुनुभयो ।

**नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना**

भिक्षु बुद्धघोष नेपाल फर्कनुभएपछि पाटनमा सर्वप्रथम भिक्षु संघलाई दान दिइएको सुमङ्गल विहारमा पहिलो वर्षावास बस्नुभयो । तथागत शास्ताको उपदेशलाई कर्मकाण्ड विधिमा मात्रै सीमित पारी अविद्याले थिचारिएर जन्मजात बौद्ध हौं भन्नेहरूका माझ परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध (ध्यानभावना) विषयसम्बन्धी सुगठिलो बुद्धोपदेशलाई उपदेशको माध्यमबाट विभिन्न जिल्लामा पुग्नुभई धर्मप्रचारमा सरिक हुनुभयो । सुगतपुर विहार, त्रिशुलीमा रहँदा उपासक धर्मरत्न शाक्य 'त्रिशुली' सँगै बुद्धधर्मसम्बन्धी विषयगत अध्ययनको प्रकृया थाल्नुभयो । परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध त्रिआयामिक बुद्धशासनको चर्यालाई अध्ययनअध्यापनको माध्यमले अगाडि बढाउँदैलान बुद्धधर्म र पालि साहित्यको अध्यापनलाई संस्थागत एवं व्यवस्थितरूप दिने क्रममा पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविरले बु.सं. २५०७ (बि.सं. २०२०) मा "नेपाल बौद्ध परियत्ति शिक्षा" को स्थापना गर्नुभई नेपालको परियत्ति शासनमा अग्रज भूमिका निभाउनुभयो । उहाँले परियत्ति शिक्षालाई मजबूत पारी थेरवाद बुद्धशासनिक हिँडाइमा लम्काउन जुन प्रयास गर्नुभयो त्यो नेपालकै इतिहासमा अविस्मणीय पानाको रूपमा रहीरहने छ । उहाँले पालि त्रिपिटकसाहित्यअन्तर्गत २२ वटा पुस्तकहरु लेखन, अनुवाद एवं सम्पादन गर्नुभई धार्मिक चेतना अभिवृद्धिका लागि योगदान पुर्‍याउनुभएको छ । बुद्धशासनको इतिहासमा अति नै महत्वपूर्ण मानिने सन् १९५४(१९५६ म्यान्मार्मा सम्पन्न छैठौं धर्मसंगायनामा संघनायक भिक्षु बुद्धघोष महास्थविरले संगीतिकारककारूपमा धर्मोदय सभाबाट नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । उहाँको बुद्धशासनिक योगदानलाई कदर गरी सन् १९९९ मा म्यान्मार् सरकारले "अग्गमहासद्धम्मजोतिकधज" उपाधिले विभूषित गरिएको नेपाली मात्रैका लागि गौरव एवं प्रतिष्ठाको विषय हो ।


**नेपालका पूज्यपाद संघनायको सार्वजनिक अभिनन्दन** :


थेरवाद बौद्धगतमा ख्यातिप्राप्त भिक्षु सुमंगल, भिक्षु सुदर्शन, भिक्षु ज्ञानपूर्णिक, अनागारिका धम्मवती पनि संघनायक भिक्षु बुद्धघोष महास्थविरकै शिष्य हुन् । उहाँ संघनायक विभिन्न बौद्ध संघसंस्थाका संस्थापक हुनुहुन्छ भने उहाँले अखिल नेपाल भिक्षु महासंघको अध्यक्ष पद पनि सम्हाल्नु भइसक्नुभएको छ । अझै विभिन्न बौद्ध संद्धसंस्थाहरूमा धर्मानुशासक, संरक्षक, सल्लाहकार रहनुभएको छ । गम्भीर धर्म अभिधर्मका ज्ञाता, विनयशील, विनयपालक, सौम्य र मृदुभाषाका धनी, मैत्रीयुक्त क्षमाशील गुणले सम्पन्न, कल्याणमित्रताको स्वभावयुक्त व्यक्तित्ववान भिक्षुका रूपमा बौद्धजगतमा छुट्टै विशेषतासहितको पहिचान भएका भिक्षु बुद्धघोष महास्थविरलाई नेपालका पाँचौं पूज्यपाद संघनायकका रूपमा पदस्थापन गरिएको सुखद् धम्ममुदित विषयअन्तर्गत अखिल नेपाल भिक्षु महासंघको तत्वावधानमा पूज्यपाद संघउपनायक भिक्षु अश्वघोष महास्थविर, भिक्षु महासंघका तत्कालीन अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरलगायत सम्पूर्ण भिक्षु, श्रामणेर, अनागारिका, उपासक, उपासिका तथा बौद्ध संघसंस्थालगायत तत्कालीन नेपालका सम्माननीय सभामुख श्री सुवास नेम्वाङ्को (वर्तमान संविधान सभाका अध्यक्ष) उपस्थितिमा नेपालका पूज्यपाद संघनायकले बुद्धभूमि नेपाल राष्ट्रमा आजीवन प्रव्रजित हुनुभई बुद्धधर्म, बौद्धसंस्कृति तथा ध्यानभावनासहितका बुद्धशासनिक क्षेत्रमा आजीवन समर्पित भई पुर्‍याउनुभएको योगदानलाई स्मरण गरी सामूहिक रूपमा धार्मिकमय वातावरणमा वि.सं. २०६३ भाद्र ११ का दिन सार्वजनिक अभिनन्दन समारोहको आयोजना गरिएको  ऐतिहासिक क्षण सबैका लागि सुखद् विषय नै हो । त्यस्तै गरी हालै मात्र उहाँको ९० औं वर्ष पूरा हुने ( स्वको जंको) उपलक्ष्यमा उहाँको सुस्वास्थ्य र निरोगीको कामना गरी त्यस शुभ घडीमा सबैबाट उहाँको सुकीर्ति र दीर्घायुको कामना गरी बुद्धशासनिक चर्यामा असीम मैत्रीयुक्त प्रेरणा पूज्यपाद नेपालका संघनायक भद्दन्त बुद्धघोष महास्थविरबाट निरन्तर प्राप्त हुँदै जानसकोस् भन्ने सबैको सामूहिक शुभआकांक्षा रहनु धर्मकर विषय हो ।


"चिरं जीवतु संघनायको, सुखितो निरूपद्दवो ।
खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको ।।"


♦

# बु.सं. २५५३ को परीक्षा परिणामका सचित्र तथ्यांकहरू






'सब्ब दानं धम्म दानं जिनाति'

## साधुवाद ज्ञापन



दिवंगत पिता कुलरत्न तुलाधर र माता चिनिमाया तुलाधरको पुण्यस्मृतिमा उहाँहरुको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो । उहाँहरुलाई नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद ब्यक्त गर्दछ ।

# ने. बौ. प. शि. को संस्थाको संरचना र विभिन्न समितिका पदाधिकारीहरू

अखिल नेपाल भिक्षु महासंघ

नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति

नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

व्यवस्थापन समिति | परीक्षा सञ्चालन | दीक्षान्त समारोह | परियत्ति अनुसन्धान

पाठ्यक्रम निर्माण तथा व्यवस्थापन | शिक्षक-शिक्षिका तालिम तथा प्रशिक्षण

### नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति

| | | |
|---|---|---|
| १) | भिक्षु बुद्धघोष महास्थविर | शिक्षाध्यक्ष |
| २) | भिक्षु ज्ञानपूर्णिक महास्थविर | सह शिक्षाध्यक्ष |
| ३) | भिक्षु धर्मगुप्त महास्थविर | के.प.नि.,सचिव |
| ४) | भिक्षु निग्रोध स्थविर | के.सह प.नि. |
| ५) | भिक्षु गुणघोष महास्थविर | सदस्य |
| ६) | भिक्षु धर्ममूर्ति महास्थविर | सदस्य |
| ७) | भिक्षु सद्धातिस्स महास्थविर | सदस्य |

### नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्

| | | |
|---|---|---|
| १) | भिक्षु बुद्धघोष महास्थविर | शिक्षाध्यक्ष |
| २) | भिक्षु ज्ञानपूर्णिक महास्थविर | सह शिक्षाध्यक्ष |
| ३) | भिक्षु धर्मगुप्त महास्थविर | क.प.नि. |
| ४) | भिक्षु निग्रोध स्थविर | के.सह प.नि., सचिव |
| ५) | भिक्षु पञ्ञारत्न | सदस्य |
| ६) | भिक्षु पियदस्सी | सदस्य |
| ७) | अनागारिका ञाणवती | सदस्य |
| ८) | श्री पद्मज्योति | सदस्य |
| ९) | श्री त्रिरत्न मानन्धर | सदस्य |
| १०) | सुश्री अमिता धाख्वा | सदस्य |
| ११) | श्री ठाकुरमान शाक्य | सदस्य |
| १२) | श्री केशरी लक्ष्मी मानन्धर | सदस्य |
| १३ | श्री रीना तुलाधर | सदस्य |
| १४) | श्री रत्न सुन्दर शाक्य | सदस्य |

### व्यवस्थापन समिति

| | | |
|---|---|---|
| १) | पद्मज्योति | संयोजक |
| २) | ठाकुरमान शाक्य | सह संयोजक |
| ३) | डा. बज्रराज शाक्य | सदस्य |
| ४) | सुवर्ण शाक्य | सदस्य |
| ५) | राजु तुलाधर | सदस्य |
| ६) | अ. धम्मवती | सदस्य |
| ७) | सविता धाख्वा | सदस्य |
| ८) | डा. केशरीलक्ष्मी मानन्धर | सदस्य |
| ९) | मीरा ज्योति | सदस्य |
| १०) | गंगा श्रेष्ठ | सदस्य |
| ११) | वीणा कंसाकार | सदस्य |
| १२) | चन्द्रदेवी शाक्य | सदस्य |

### परियत्ति अनुसन्धान समिति

| | | |
|---|---|---|
| १) | त्रिरत्न मानन्धर | संयोजक |
| २) | अनागारिका अग्गञाणी | सदस्य |
| ३) | सविता धाख्वा शाक्य | सदस्य |
| ४) | महेन्द्ररत्न शाक्य | सदस्य |
| ५) | मदन रत्न मानन्धर | सदस्य |
| ६) | रीना तुलाधर | सदस्य |
| ७) | रश्मि राजकर्णिकार | सदस्य |

### दीक्षान्त समारोह समिति

| | | |
|---|---|---|
| १) | अमिता धाख्वा | संयोजक |
| २) | भिक्षु जनक | सदस्य |
| ३) | अनागारिका चारूञाणी | सदस्य |
| ४) | अनागारिका खेमा | सदस्य |
| ५) | चन्द्रदेवी शाक्य | सदस्य |
| ६) | देवेन्द्र बज्राचार्य | सदस्य |
| ७) | चित्रा शोभा तुलाधर | सदस्य |

### परीक्षा संचालन समिति

| | | |
|---|---|---|
| १) | भिक्षु पञ्ञारत्न | संयोजक |
| २) | भिक्षु जनक | सह संयोजक |
| ३) | भिक्षु पञ्ञासार | सदस्य |
| ४) | भिक्षु पियदस्सी | सदस्य |
| ५) | अमिता धाख्वा | सदस्य |
| ६) | दया खड्गी | सदस्य |

### शिक्षक शिक्षिका शिक्षण समिति

| | | |
|---|---|---|
| १) | अनागारिका ञाणवती | संयोजिका |
| २) | भिक्षु पियदस्सी | सह संयोजक |
| ३) | अनागारिका शुभा | सदस्य |
| ४) | सबिता धाख्वा शाक्य | सदस्य |
| ५) | चन्द्रदेवी शाक्य | सदस्य |
| ६) | सुमन कमल तुलाधर | सदस्य |

### पाठ्यक्रम निर्माण तथा व्यवस्थापन

| | | |
|---|---|---|
| १) | भिक्षु धर्मगुप्त महास्थविर | संयोजक |
| २) | भिक्षु सरणंकर | सदस्य |
| ३) | भिक्षु अमतो | सदस्य |
| ४) | श्रामणेर धम्मघोष | सदस्य |
| ५) | अनागारिका अग्गञाणी | सदस्य |

**आफ्नो बालबालिकाहरुलाई बौद्ध परियत्ति शिक्षा पढ्न दिई नैतिकवान्र सच्चरित्रवान् बनाउन सहयोग पुर्‍याऔं ।**

# धरानको परियत्ति परीक्षामा जांदा .....

- उर्मिला सापकोटा (शाक्य)

नेपालमा बुद्धधर्मको अध्ययन अध्यापनका लागि प्रचारप्रसारकासँगै नैतिक शिक्षालाई जोड दिँदै अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपालबौद्ध परियत्ति शिक्षा आजसम्म पनि सफलतापूर्वक अगाडि बढिरहेको छ । परियत्ति शिक्षाको वार्षिक परीक्षाको लागि सुपरिवेक्षकको रूपमा हामीले सुनसरी जिल्लाको सुन्दर नगरी धरान जान पायौं । अहिलेसम्म हामीले परियत्ति शिक्षा विषयमा अध्ययन र अध्यापन कार्य गर्दै आए पनि परियत्ति परीक्षा संचालन गर्ने महत्वपूर्ण जिम्मेवारीबोध गर्ने मौका मिलेको थिएन तर भाग्यवश भनौं परियत्ति शिक्षाको परीक्षा संचालन गर्न आवश्यक प्रश्नपत्र र उत्तर पुस्तिकासहित सुपरिवेक्षक भई जाने सुवर्ण अवसर प्राप्त भयो ।

ने. बौ. प. शिक्षाका सह-परीक्षा नियन्त्रक भिक्षु निग्रोधको आज्ञानुसार हामी विश्वशान्ति शिक्षालयका शिक्षक-शिक्षिका म र मेरा आदरणीय पति अमिर शाक्यका साथ २०६६/१०/७ गते रात्री बसबाट धरान प्रस्थान गऱ्यौं । रातभरीको नरमाइलो यात्रापछि बिहान नौबजे हामी धरानको सुन्दर नगरीमा उत्रियौं । नयाँ ठाउँ र नयाँ मान्छेसँग रमाउँदै हाम्रो गाँस र बासको व्यवस्था गरिएको रमाइलो घरमा पुग्यौं । खानपिन र आरामपछि विद्या दिदीले पढाउने दृष्टिविहीन बच्चाहरूले पढ्ने श्री पूर्वांचल ज्ञानचक्षु विद्यालयमा गयौं । त्यस विद्यालयमा अध्ययनरत ९० जना बालबालिकामध्ये १८ जना विद्यार्थी परियत्ति शिक्षाको कक्षा १ का परीक्षार्थी थिए । हामीले लगेका प्रश्नपत्रलाई विद्यादिदीले ब्रेल लिपिमा रूपान्तरण गर्नुभयो ।

२०६६/१०/९ गते शनिवार ७ बजे परीक्षा संचालन गर्नुपर्ने जिम्मेवारी एकातिर छँदै थियो भने अर्कातिर चिसोको कारण अनि बिदाको दिन उनीहरू परीक्षामा सहभागी होलान् भन्ने विश्वास नै थिएन । हामी बसेको स्थानबाट करिब १० किलोमिटरको दुरीमा रहेको सम्यक् शिक्षा प्रा. वि. जुन विद्यालय बुद्ध धर्मकै नाममा जोडिएको दलित र निम्न वर्गका छोराछोरी पढ्ने सरकारी विद्यालय हो ।

माघ महिनाको समय, बढि नै जाडो थियो । हुस्सु र कुहिरोबीच पनि विद्यार्थीहरू पञ्जाको त के कुरा विनामोजा चप्पल र विना स्वीटर पातलो सर्टमा उत्साहित भएर उपस्थित भए । दलित र अन्धा विद्यार्थी बालवालिकाहरूको उपस्थिति निकै उत्साहजनक थियो, यो अत्यन्त खुशीको कुरा हो ।

एकातिर दलित र अशिक्षित परिवाका विद्यार्थी जम्मा पार्नुपर्ने र अर्कोतिर ज्ञान चक्षु विद्यालयका अन्धा विद्यार्थी लिएर उनीहरूको वासस्थानबाट करिब १५ किलोमिटर टाढा रहेको परीक्षाहलमा पुग्नु परेकोले विहान ठीक ७ बजे परीक्षा सञ्चालन गर्न सम्भव नभएपछि ८:३० बजे परीक्षा सुरू भयो । हुन त ती दृष्टिविहीन परीक्षार्थीले मानेका भए उनीहरूकै विद्यालयमा परीक्षा सञ्चालन गर्न सम्भव थियो तर उनीहरूको भावना बुझेर असाध्यै माया गरी पढाउने शिक्षिका विद्या शाक्यले खोलेको विद्यालयमा पुग्ने रहरका कारण उनीहरूको इच्छालाई कदर गरी परीक्षा केन्द्र सारिएको थियो ।

वास्तवमा म पनि एउटा शिक्षिका भएको नाताले मैले के कुराको अनुभव गर्ने मौका पाएँ भने बाहिरी आँखा भएका विद्यार्थीहरू अर्थात् आँखा देख्नसक्ने विद्यार्थीहरूलाई सिकाउँदा उनीहरू बाहिरी संसारका भौतिक वस्तुहरूमा भुल्नेहुँदा उनीहरूको ध्यान बाहिरी दुनियासँग अलमलिन्छ भने आँखा नदेख्ने दृष्टिविहिन बच्चाहरूलाई पढाउँदा उनीहरू बाहिरी संसारसँग भुल्न नसक्ने हुनाले शिक्षकले पढाएको विषयमा एकाग्रतासहित सुन्ने र चाँडो बुझ्नसक्ने हुन् कि भन्ने लाग्यो । वास्तवमा दृष्टिविहीन बालबालिकाहरूलाई जोसुकैले शिक्षा दिनु भनेको सजिलो छैन । विद्या



दृष्टिविहिन विद्यार्थीहरु ब्रेललिपिमा परियत्ति परिक्षा दिँदै

शाक्यले ती दृष्टिविहिन बच्चाहरूलाई चौरमा राखेर कक्षा सञ्चालन गर्नुहुँदा १७ जना बच्चाहरू चौरमा कक्षा लिन उत्साहित थिए । भित्र कक्षामा केही विद्यार्थीहरू गीत गाइरहेका थिए, कति विद्यार्थी तबला र हार्मोनियम बजाइरहेका थिए । बाहिर कोलाहल र एकोहोरो गीत गुञ्जायमान हुँदाहुँदै पनि उनीहरूले ध्यान दिएर पढिरहेको देख्दा परियत्ति शिक्षाप्रति गहिरो रूचि छ भन्ने कुरा स्पष्ट देखिन्थ्यो । एकजना परीक्षार्थीको जिल्लास्तरीय गाायन प्रतियोगिता परीक्षाकै दिन परेको थियो । "राधा तिमी परीक्षामा सामेल हुन्छ्यौ या गीत गााउन जान्छ्यौ ?" भनी सोध्दा "गीत गाउन त सधैं पनि पाउँछौं तर परियत्ति परीक्षा सधैं हुन्न, त्यसैले परीक्षा नै दिन्छु ।" भनी जवाफ दिएकी सुन्दा हामी दङ्ग पऱ्यौं । परियत्ति शिक्षाप्रति कति धेरै इच्छा जागेको होला जस्तो लाग्यो ।

कक्षा १ र २ गरेर जम्मा ५२ जना परीक्षार्थी परीक्षामा सहभागी थिए भने १८ जना विद्यार्थीहरू दृष्टिविहीन थिए जसले कक्षा १ मा ब्रेल लिपिबाट परीक्षा दिए । यो हालसम्मको नयाँ रेकर्ड हुनुपर्छ । त्यसैले होला परीक्षा भवनमा अवलोकनका लागि विभिन्न पत्रकारहरूको सहभागिता रह्यो । उक्त परीक्षासम्बन्धी नेपाल टेलिभिजनबाट एउटा कार्यक्रम नै प्रसारण गरियो ।

दृष्टिविहीन बालबालिकहरू पनि परियत्ति परीक्षामा सहभागी हुनु र आफ्नो मिसले खोलेको विद्यालय हेर्न पाउँदा ज्यादै खुशी थिए ।

यसरी एउटा नयाँ र नौलो अनुभव बोक्दै हामी ११ गतेको २ कक्षाको दोस्रो परीक्षा सकेर र ब्रेल लिपिबाट प्राप्त परीक्षाको उत्तर पुस्तिका विद्या दिदिलाई नै अनुवाद गर्न लगाई धरानबाट विदा भएर विराटनगर, झापा, इलाम, दार्जिलिङ्ग र जनकपुर हुँदै माघ १५ गते विहान ६ बजे काठमाडौं उत्रियौं । स्मृतिका पानाहरू हाम्रो मनसपटलमा रहिरहने छ । हामीलाई पनि नि:स्वार्थ भावनामा रहेर काम गर्न प्रेरित गरिरहने छ । बुद्धधर्म र परियत्ति शिक्षामा त्यागमय श्रद्धा रहिरहने छ ।

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित

## नेपाल बौद्ध परियत्ति शिक्षा

### बु.सं. २५५३ (वि.सं.२०६६ साल) माघमा परीक्षा संचालनार्थ विभिन्न केन्द्रको लागि सुपरिवेक्षक


| क्र.सं | केन्द्रको नाम | सुपरिवेक्षहरूको नाम |
|---|---|---|
| १ | शाक्यसिंह विहार ,थैना | कृष्णमान शाक्य |
| २ | धर्मकीर्ति विहार ,श्रीघः | सरोज मानन्धर |
| ३ | गणमहाविहार ,गणबहाल | पूर्ण चन्द्र शाक्य / नन्द शाक्य |
| ४ | यशोधरा बौद्ध प. केन्द्र,थैना | दीपक राज/धर्म रत्न/किरण भाई/बाबुराजा/रमेश/रसिक/शैगेस |
| ५ | न. म. श्रीकीर्ति विहार ,कीर्तिपुर | हरिगोपाल महर्जन/जुनु वासुकला |
| ६ | प्रणिधिपूर्ण महाविहार , बलम्बु | नन्द शाक्य/ मदन बहादुर तुलाधर |
| ७ | ज्योति विहार ,चापागाउँ | सानु महर्जन |
| ८ | दीपंकर परियत्ति शिक्षालय | मीम शाक्य |
| ९ | मुनि बिहार ,भक्तपुर | भिक्षु सुभद्दो/अ. सुभा/ सन्देश प्रजापति |
| १० | जितापुर गन्धकुटी विहार,खोकना | सुमन महर्जन /दीपक महर्जन |
| ११ | परोपकार मा.वि., भिमसेनस्थान | भिक्षु सुबोध/ सुनिल/ सतिस शाक्य |
| १२ | अमरापुर विहार ,बुंगमती | तेज नारायण मानन्धर |
| १३ | विश्व शान्ति विहार, मीनभवन | अ. ञाणवती/ संगीता धाख्वा/अ.वजिरा |
| १४ | सिद्धिमंगल विहार, ठसि | मेरिना शाक्य |
| १५ | वेलुवनाराम विहार,थेचो | फल समान शाक्य/ जेन महर्जन |
| १६ | बौद्धजन विहार, सुनाकोठी | बाबुरत्न नापित |
| १७ | अमृत बौद्ध प. शिक्षालय, स्वयम्भू | प्रतिमा मानन्धर |
| १८ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | अ. खमेसी |
| १९ | जगत सुन्दर ब्वनेकुथी,चागः | प्रदीप शाक्य |
| २० | बोधिचर्या विहार,बनेपा | श्रामणेर धम्मघोष |
| २१ | सुवर्ण छत्रपुर विहार,लुभु | भिक्षु नायको/ अ. ध्यानवती |
| २२ | ज्ञानज्योति परियत्ति केन्द, ठमेल | अ. अनोजा |
| २३ | सुलक्षणकीर्ति विहार, चोभार | सरिता अवाले/अ. सुस्मा |
| २४ | समग्र बौद्ध प. केन्द्र, कीर्तिपुर | शैसब कुमार श्रेष्ठ |
| २५ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | प्रल्हाद प्रसाद तिमिल्सिना |
| २६ | कान्ति ईश्वरी मा.बि,प्याफल | कल्याणरत्न शाक्य |
| २७ | यशोधरा बौद्ध विहार, झापा | जङ्ग बहादुर लुङ्गेली मगर |
| २८ | बुद्धभूमि बौद्ध प. केन्द्र, टोखा | भिक्षु सद्धातिस्स |
| २९ | नगदेश बुद्ध विहार, नगदेश | अ. खेमा / अ. सुधम्मा |
| ३० | आनन्दकुटी विद्यापीठ,स्वयम्भू | सुजाता मानन्धर |
| ३१ | अन्तर्राष्ट्रिय बुद्ध प.उ. विहार, बुटवल | विमल बहादुर शाक्य |
| ३२ | धर्मशीला बुद्ध विहार, पोखरा | भिक्षु आचारो/भिक्षु मिलिन्दो/उत्तम मान बुद्धाचार्य |
| ३३ | आनन्द विहार,तानसेन, पाल्पा | रत्न मान बज्राचार्य |
| ३४ | माझखण्ड बुद्ध विहार, माझखण्ड | दुध राज लामा |
| ३५ | शान्तिश्री बुद्ध विहार,वामी टक्सार,गुल्मी | गोपाल कुमार बौद्धाचार्य |
| ३६ | सुगन्ध विहार, रिडी, गुल्मी | सर्जुलाल बज्राचार्य |
| ३७ | धर्मकीर्ति बसुन्धरा परियत्ति केन्द्र.,बसुन्धरा | अ. कुसुम |
| ३८ | जितवन विहार प. के.,थानकोट | गौतम महर्जन |
| ३९ | श्री सम्यक् शिक्षा प्रा. वि.,धरान | अमिर शाक्य/उर्मिला शाक्य |
| ४० | बौद्ध शान्ति परियत्ति केन्द्र ,बुलु | अनिता महर्जन |
| ४१ | मातातीर्थ बौद्ध प. शिक्षा,मातातीर्थ | भिक्षु तिस्स |
| ४२ | धापाखेल प.शिक्षा सदन, धापाखेल | शान्त गोविन्द महर्जन |
| ४३ | पुण्य उदय विहार, हरिसिद्धि | भिक्षु पुण्ण |

### यस वर्ष वार्षिक रु. १२०/- दिइ सहयोग गर्नुहुने अनागारिका गुरुमांहरू तथा उपासिकाहरू

| | |
|---|---|
| प्रीतिवती | सुजाता |
| उपनन्दा | निलुप्पल |
| शुभा | संघवती |
| खेमा | मुदिता |
| सुधम्मा | नन्दावती |
| मासुखी | तिक्खावती |
| माश्रद्धा | पञ्ञावती |
| विरोशनी | सुद्धावती |
| दानवती | निर्मलञाणी |
| त्यागवती | केशावती |
| मेत्तावती | विमलञाणी |
| कुसुम | हेमवती |
| श्यामावती | उत्तरावती |
| चम्पावती | अग्गञाणी |
| जिनवती, तानसेन | चारूञाणी |
| मणिवती | पदुमञाणी |
| पद्मवती | श्रद्धावती |
| चमेली | इन्द्रावती |
| धरणी | शील गौतमी |
| वजिरा | अनुपमा |
| सुष्मा | चन्द्रशीला, बलम्बु |
| अरियाञाणी | वीर्यपारमी, ज्यो.वि. |
| शिलवती | क्षान्ति गौतमी |
| खेमावती, धर्मकीर्ति | सुचिता |
| शुभवती | चित्तावती |
| पमिताञाणी | मिना |
| पलिताञाणी | अमरावती |
| भावनावती | धम्मचारी |
| धम्मञाणी, सुनाकोठी | अनु |
| धम्मधजा, सुनाकोठी | वीर्यवती |
| सुमना, किण्डोल | माकृषा |
| मासरा | चन्द्रशीला, तनबहा |
| जयवती | शान्ति मंगला |
| सुजाता, किण्डोल | संघशीला |
| रम्मावती | कपिला |
| अनुला | सीलाचारी |
| ओभाषवती | विजिता |
| करूणा | अभया |
| अमता | निक्खमी |
| पवरञाणी | चिनी |
| कमलाञाणी | करूणावती |
| ञाणदस्सिनी | ध्यानवती |
| भद्रावती | सुवण्णवती |
| नन्दाथेरी | वण्णवती |
| सति, सुलक्षणकीर्ति | पभावती |
| स्मृति, सुलक्षणकीर्ति | पद्मावती |
| विनितावती | पुण्यवती |
| सोनावती | ञाणवती |
| सुजनवती | हेरामाया महर्जन |
| ञाणशीला | बुद्धमाया महर्जन |

# ' स्वदेशबाट पठाइएको सुन्दर उपहार '

- भिक्षु पदुम



**अन्तर्वार्ता**

**यस शैक्षिक सत्र बु.सं. २५५३ को परियत्ति सद्धम्म कोविद उपाधि परीक्षामा सर्वोत्कृष्ट हुन सफल भएका भिक्षु पदुम उच्च शिक्षा हासिल गर्नका लागि अहिले श्रीलंकामा गइराख्नुभएको छ। उहाँ श्रीलंकाको Pali & Buddhist University मा बुद्ध धर्म विषय लिएर अध्ययन गरिराख्नु भएको छ। उहाँसंग हाम्रा सहकर्मी मन्दिप महर्जनले गर्नुभएको संवादको केही अंश -**

**१) परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुनु भएकोमा तपाईलाई कस्तो लागेको छ ?**

विदेशी भूमि(श्रीलंका)मा आएपछि मात्र परियत्तिमा बोर्ड प्रथम भएको खबर सुन्न पाएँ। मेरो लागि स्वदेशबाट पठाइएको सुन्दर उपहार जस्तै अनुभव भयो। नेपाली थेरवादी बौद्ध अध्ययन तहमा अखिल नेपाल भिक्षु महासंघको नेतृत्वमा अध्ययन अध्यापन हुने शैक्षिक क्षेत्रतर्फ परियत्ति सद्धम्म कोविद तह सबैभन्दा अन्तिम र स्मरणीय तहको रूपमा रहेको छ। यस तहमा बोर्ड प्रथम स्थानमा उत्तीर्ण हुन पाउँदा खुशी र हर्षित हुनु स्वाभाविक नै हो। एकजना परियत्ति विद्यार्थीको दृष्टिमा कम्तिमा १० वर्षसम्मको अथक प्रयास, मेहनत, परीक्षा, लगनशीलता र सफलताको सूचक नै परियत्ति सद्धम्म कोविद हो। लाग्छ म सफल भएको छु।

**२) तपाईको सफलताको कारणहरू के हुन् ?**

परियत्ति शिक्षामा श्रमण र गृहस्थ दुबै पक्षलाई समान स्थानको प्रतिस्पर्धा प्राप्त भएको छ। तैपनि परियत्तिको विषयगत अध्ययन(पाली भाषा, धम्मपद, परित्राण... आदि)मा गृहस्थ पक्षको तुलनामा श्रमणपक्षका व्यक्तिलाई तुलनात्मक सजिलो हुनु स्वाभाविकै छ। यस वर्षको परीक्षा तहमा आ□ना प्रतिस्पर्धीहरु थोरै संख्यामा, प्रायः गृहस्थ, त्यसमाथि प्रायः वृद्ध उमेरका पाउँदा प्रथम स्थानको लागि प्रतिस्पर्धा गर्न सजिलो भयो। यस्तै आ□नो प्रव्रजित जीवनको अनुभव पनि प्रयाप्त कारण बन्नपुग्यो।

**३) बौद्ध परियत्ति शिक्षाले तपाईको भविष्यमा विकास निर्माणमा कस्तो भूमिका खेलेको छ जस्तो लाग्दछ ?**

"भविष्य निर्माण ......" यो आफैमा ठूलो र गम्भिर शब्द हो। भविष्य निर्माणमा परियत्ति शिक्षाको पक्कै पनि उपकारक भूमिका छ नै, यसमा कसैको दुईमत नहोला। तर म मेरो भविष्य जीवनमा भन्दापनि वर्तमान जीवनमा परियत्ति शिक्षाबाट प्राप्त उपलब्धिमा बढी ध्यानाकर्षण भएको छु। वर्तमान समयमा छिमेकी बौद्ध मुलुक श्रीलंकास्थित "पाली तथा बौद्ध विश्वविद्यालय"मा म आ□नो बौद्ध अध्ययन जारी राखेको छु। परियत्ति तहमा बोर्ड स्थान प्राप्त भएको र पाली भाषाको पनि अध्ययन गरिएको सिफारिश पत्र देखाउँदा यस विश्वविद्यालय(यस विश्वविद्यालयमा पाली भाषा अनिवार्य विषय भएको हुँदा पाली भाषाअध्ययनको अनुभव हुनुपर्ने आवश्यकता)मा भर्ना हुन थप परीक्षा दिनु परेन र सिधै स्नातक तहमा भर्ना हुन सके। परियत्ति परीक्षाफलको नतिजा प्रकाशनको निकट भविष्यमै प्राप्त भएको यो सफलता मेरो लागि उपकारक बन्यो।

**४) परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनु भएको छ ?**

भगवान् बुद्धले मङ्गल सुत्तमा देशना गर्नुभएको छ - "बाहुसच्चञ्च सिप्पञ्च...एतं मङ्गलमुत्तमं" अर्थात् बहुश्रुत हुनु र शिल्पविद्याको ज्ञान हुनु मङ्गल धर्म हुन्। नेपाली विद्यार्थी र नेपाली शैक्षिकक्षेत्रमा यी मङ्गल धर्म व्यावहारिक देखिन्छन्। एक विद्यार्थीको लागि परियत्ति शिक्षा बहुश्रुत पक्ष हुनसक्दछ भने सरकारी शिक्षा शिल्पविद्याको पक्ष हुनसक्दछ। व्यक्तिको चरित्रनिर्माण र आध्यात्मिक विकासमा परियत्ति शिक्षा मूल हुनसक्दछ भने जीविकोपार्जन र आयआर्जनको लागि सरकारी शिक्षा स्रोत बन्नसक्दछ। दुबै शिक्षामा दक्ष व्यक्तिको जीवनपथ सुगम हुनसक्दछ। वर्तमान समयमा केही विद्यालयहरूले परियत्तिको महत्वलाई बुझी प्राइभेट रूपमै अध्यापन कार्य सुरू गर्नु सकारात्मक पक्षको रूपमा लिन सकिन्छ।

**५) परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

परियत्ति शिक्षाको इतिहास प्रमाण सरकारी स्तरको सहकार्यविना नै सुरूवात भए। वर्तमान समयसम्म पनि सरकारी सहकार्य विना नै अगाडि बढिरहेको छ। सरकारी सहकार्य प्राप्त नभएतापनि परियत्ति शिक्षा भविष्यमा अगाडि बढिरहन सक्ने सत्यतामा हामी विश्वस्त हुनसक्दछौं। सुनेको छु, वर्तमान समयमा नेपाल सरकारबाट बौद्ध विद्यालय र परियत्ति शिक्षालाई पनि सरकारी पाठ्यक्रममा गाभिने पथ निर्माण भएको छ। परियत्ति शिक्षालाई सरकारी मान्यता प्राप्त हुनु सम्पूर्ण शिक्षाप्रेमीहरूका लागि सुखद् समाचार त हुनसक्दछ तर यसबाट भविष्यमा आउन सक्ने परिणाममा पनि सचेत हुनु नितान्त जरूरी छ। कतै गुणात्मक रूपमा परियत्ति स्तर न्यूनतम विन्दूमा पो लाग्ने हो कि ? यसको अस्तित्व सरकारी शिक्षा समानमै मात्र सिमित पो हुने हो कि ? यसैले सरकारी तहमा आवाज कम वा बढी पुगेको विषय भन्दापनि सरकारी स्तर प्राप्त भएमा सृजित हुनसक्ने परियत्ति शिक्षाको अवस्थामा ध्यान पुऱ्याउनु बढी महत्वपूर्ण देख्दछु।

**६) तपाईले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनु भयो र कस्तो सुधार होस् र कसरी सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

परियत्ति शिक्षा आ□नो प्रगतिको बाटोमा छ , थप सुधार र थप प्रयासमा थप प्रगतिको बाटो लम्किन सफल हुनेछ। परियत्ति शिक्षा अध्ययनका क्रममा आफूलाई व्यक्तिगत रूपमा अनुभव भएको एक समस्या र समाधानलाई म यहाँ प्रस्तुत गर्न चाहन्छु :

परियत्ति प्रश्नपत्रको निश्चित स्वरूप वा खाका हुननसक्दा परिक्षार्थीको लागि परीक्षा तयारीमा ठूलो मर्का पर्ने गरेको छ। साथै प्रायः पुस्तक नेवारी भाषामा मात्र उपलब्ध हुनाले नेपाली भाषामा परीक्षा दिने तथा नेवारी भाषा नबुझ्ने पक्षलाई ठूलो समस्या पर्ने गरेको छ। यसैले माथिल्लो तहबाट प्रश्नपत्रको खाका तयारी गर्न तथा पुस्तक अनुवाद कार्यमा ध्यान पुऱ्याउन सके निक्कै नै उपलब्धिमूलक हुन सक्दछ।

**७) तपाईको कोविद पछिको भावी योजना ?**

केही समयपूर्व मैत्री एफ.एम.मार्फत "दर्पण"नामक रेडियो कार्यक्रम प्रस्तुत गर्ने जमर्को भएको थियो। यो एउटा रेडियो प्रश्नोत्तर शैलीको कार्यक्रम थियो। परियत्ति विद्यार्थीवर्गमा लक्षित यस कार्यक्रममार्फत् परियत्ति गतिविधि र परियत्ति ज्ञानलाई जनमानससमक्ष पुऱ्याउने प्रयास भयो। आ□नो पढाईका कारण कार्यक्रमलाई निरन्तरता त दिन सकिएन तर भविष्यमा मौका मिलेको खण्डमा, समयले साथ दिएमा यस्तै रचनात्मक शैलीका कार्यक्रम मार्फत् परियत्ति शिक्षामा योगदान पुऱ्याउने सोच र विचार सजीवै छ।

♦

## परियत्ति शिक्षाका गतिविधिहरू

### बु.सं २५५२ वर्षको दीक्षान्त तथा पुरस्कार वितरण समारोह सम्पन्न

बु.सं. २५५२(वि.सं २०६५) सालको ने.बौ.प.शिक्षाको परीक्षामा बोर्ड स्थान, परियत्ति सद्धम्म पालकका उत्तीर्ण तथा परियत्ति सद्धम्म कोविदका विद्यार्थीहरूलाई वि.सं २०६६ साल जेठ १६ शनिबारको दिन भिक्षु बोधिसेन महास्थविरको सभापतित्व तथा मित्रराष्ट्र स्यान्मारका महामहिम राजदूत U Thet OO को प्रमुख आतिथ्यमा ने.बौ.प.शि.को सम्पर्क सचिवालय विश्व शान्ति विहार, मीनभवनमा सुसम्पन्न भयो। अ.ने.भि.महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले परियत्तिका सबै विद्यार्थीहरूलाई परियत्ति प्रतिज्ञा गर्न लगाउनु भएको थियो।

### मातातीर्थ बौद्ध परियत्ति शिक्षा केन्द्रमा पुरस्कार वितरण

वि.सं २०६५, चैत्र २८, आनन्दकुटी विहारका प्रमुख एवं अ.ने.भि. महासंघका पूर्व अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्व एवं लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य तथा परिषद् सदस्य भिक्षु कोण्डन्यको प्रमुख आतिथ्यत्वमा मातातीर्थ बौद्ध परियत्ति शिक्षा केन्द्रका उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहबीच पुरस्कार वितरण गरियो। समारोहमा प्रमुख अतिथि भिक्षु कोण्डन्य, अ.ने.भि. महासंघका सहसचिव भिक्षु राहुल, आयोजक परियत्ति केन्द्रका केन्द्राध्यक्ष भिक्षु पियदस्सी, शिक्षिका दया खड्गीलगायतका वक्ताहरूले परियत्ति शिक्षाको महत्व र विशेषता बारे बोल्नुभयो। दिलदेवी महर्जनले धन्यवाद ज्ञापन गरेको सो कार्यक्रम अनागारिका अनुलाले संचालन गर्नुभएको थियो।

### सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण

वि.सं २०६६ साल जेठ १, सुलक्षणकीर्ति विहारमा पुरस्कार वितरण सुसम्पन्न भयो। उक्त कार्यक्रम ने. बौ. प. शिक्षाका सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको प्रमुख अतिथ्य र भिक्षु सुमेध र भिक्षु पियदस्सीको विशेष आतिथ्यमा सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा पुरस्कार वितरण भिक्षु निग्रोध तथा किरण मानन्धरले गर्नुभएको थियो। आरती रंजितको स्वागत भाषणबाट सुरु भएको उक्त कार्यक्रममा केन्द्राध्यक्ष अनागारिका अनोजाले धन्यवाद ज्ञापन तथा भिक्षु सुमेध महास्थविरले पुण्यानुमोदन गरी कार्यक्रम बिसर्जन गर्नुभएको थियो।

### डी. ए. भी. स्कूलमा पुरस्कार वितरण

बु.सं २५५४ को अवसरमा जेठ १२, डी.ए.भी. स्कूल जावलाखेलमा परियत्ति अध्ययन गर्ने उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ। श्रीलंकाका महामहिम राजदूतको प्रमुख आतिथ्य र ने.बौ.प.शि.का सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको विशेष आतिथ्यमा उक्त कार्यक्रम सुसम्पन्न भएको थियो। उक्त कार्यक्रममा ने.बौ.प. शिक्षा परिषद्का सदस्यहरू साथै बौद्ध महिला संघका सदस्यहरूको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा परियत्ति विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरेका थिए।

### रानीपानी परियत्ति केन्द्रमा पुरस्कार वितरण

२५५४ औं बुद्ध जयन्तीको अवसरमा जेठ १३, रानीपानी परियत्ति केन्द्र काभ्रेमा कक्षा १ देखि ७ सम्मका परियत्ति विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण गरिएको छ। श्रामणेर इन्दको र श्रामणेर पञ्ञासामीको प्रमुख आतिथ्य कार्यक्रम आयोजना गरिएको। पञ्चशील प्रार्थना गरी शुरु भएको सो कार्यक्रममा गीत, धार्मिक नाटक साथै विविध कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

### सुधम्माराम विहारमा पुरस्कार वितरण

वि.सं २०६७ साल वैशाख १८, सुधम्माराम विहार परियत्ति केन्द्रका विद्यार्थीहरूलाई प्रेरणा स्वरूप पुरस्कार वितरण गरिएको छ। उक्त कार्यक्रम जयमंगल विहार, सुन्धारामा सुसम्पन्न भएको थियो। उक्त समारोहमा केन्द्राध्यक्ष अनागारिका अनुपमा र शिक्षिकाहरू अनागारिका धम्मचारी र अनागारिका अमरावतीले परियत्ति शिक्षाको महत्व बारेमा प्रकाश पार्नुभएको थियो। उक्त समारोहमा प्रमुख आतिथिको रूपमा आसिन हुनुभएका सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधबाट पुरस्कार वितरण गरिएको थियो।

### भास्सरा मा. वि. मा पुरस्कार वितरण

२५५४ औं बुद्ध जयन्तीको अवसरमा जेठ १४ गते शुक्रबारको दिन पूर्णचण्डी स्थित भास्सरा मा. वि. परियत्ति केन्द्रमा चर्चित हाँस्य कलाकार श्री मदन कृष्ण श्रेष्ठको प्रमुख आतिथ्यतामा र सह-केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु निग्रोधको उपस्थितिमा परियत्ति विद्यार्थीहरूलाई प्रेरणा पुरस्कार प्रदान गरियो। उक्त कार्यक्रममा संस्थापक प्रिन्सिपल अनागारिका ञाणवती, प्रिन्सिपल आभा दुवाल तथा अन्य वक्ताहरूले परियत्तिको महत्व बारे प्रकाश पार्नु भएको जानकारीमा आएको छ। शिक्षक अनुप शाक्यले संचालन गरेको उक्त कार्यक्रममा विविध सांस्कृतिक कार्यक्रमहरू पनि संचालन भएका थिए।

### वेलुवनाराम विहारमा पुरस्कार वितरण

२५५४ औं बुद्ध जयन्तिको अवसरमा वेलवनाराम विहार परियत्ति केन्द्रका विद्यार्थीहरुलाई प्रेरणा स्वरुप परियत्ति पुरस्कार वितरण कार्यक्रमको आयोजना गरिएको छ। बुद्ध पूजा पछिको उक्त कार्यक्रममा प्रमुख अतिथि मोतिलाल शिल्पकारले बु.सं. २५५३ को परियत्ति परीक्षामा उत्तिर्ण २१ विद्यार्थीहरुलाई प्रेरणा पुरस्कार वितरण गर्नु भएको थियो। भिक्षु उत्तमबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको सो सभामा अतिथि जगमोहन वामीबाट पनि मन्तव्य दिनुभएको थियो।

### कक्षा १ र २ का परियत्ति पुस्तक प्रकाशित

नयाँ पाठ्यक्रमानुसार वैज्ञानिक ढंगले सरल र सहज पाराले बच्चाहरुको मानसपटले चाँडै सम्भीने र बुभिने किसिमले सुधारात्मक तरिकाको नयाँ पुस्तक प्रकाशित भएको छ। सो पुस्तक भिक्षु धर्मगुप्त महास्थविर र भिक्षु निग्रोधको संयुक्त प्रयासमा यो पुस्तक प्रकाशित गरिएको हो। पूरै रंगिन गरी छापिएको पुस्तकहरुमा कक्षा एकका गुलाफसिंह गुरुङ र गीता गुरुङ सपरिवारबाट आर्थिक सहयोग प्राप्त भएको थियो भने कक्षा २ का लागि धर्मराज लामा परिवार र पुनाल महर्जन परिवारबाट प्राप्त भएको थियो भने कक्षा ३ का लागि द्रव्यमानसिं तुलाधर ( भाईराजा) परिवारबाट प्राप्त हुने जानकारीमा आएको छ। स्मरणिय छ कि गत शैक्षिक सत्रमा पूरानो र नयाँ गरी दुवै पाठ्यक्रम लागू गरिएको थियो तर यस शैक्षिक सत्रदेखि यही पुस्तक मात्र लागू हुनेछ।

### परियत्ति शिक्षाका शिक्षाध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको ९० औं वर्ष भव्यताका साथ मनाइयो

नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष संघनायक भिक्षु बुद्धघोष महास्थविरको ९० औं वर्ष पुगिने सुखद् उपलक्ष्यमा एक बृहत कार्यक्रमको आयोजना गरी मनाइएको छ। उहाँ सुखद् र सुस्वास्थको कामना गरी भिक्षु संघबाट महापरित्राण गरिएको थियो भने भोलिपल्ट श्री सुमंगल बौद्ध संघ र अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको संयुक्त आयोजनामा दुर्लभ श्रामणेर प्रवज्या कार्यक्रम पनि आयोजना गरिएको थियो। नव श्रामणेर प्रवजितहरुलाई अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा लगी १० दिवशीय ध्यान शिविर राखिने कार्यक्रम रहेको जानकारीमा आएको छ।

## बु. सं. २५५३ (वि.सं.२०६६) वर्षको ने. बौ. प. शि.को दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरुको नामावली

| क्र. सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | धर्मरत्न शाक्य र जुजुभाई तुलाधर | पदक दाता | जितबहादुर बज्राचार्य, पुल्चोक रु. ६,९००/ | प्रज्ञानन्द स्मृति सिर पाः रु३,०००/ | रु. ३,५००/ | रु४,०००/ | ओमप्रकाश रूङ्टा, बखुण्डोल रु ३,२००/ | अ.सुशीला स्मृति सिरपाः (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भिक्षु पदुम | विश्व शान्ति विहार, मीनभवन | १० | बोर्ड प्रथम | कोविद स्वर्णपदक | आर.बी. बन्द्य, प्यूखा | रु १,०००/ | रु३००/ | | | | |
| २ | प्रेमलता तुलाधर | धर्मकीर्ति विहार, श्रीघ | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | कृष्णमान शाक्य |
| ३ | अ. नन्दावती | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ४ | भिक्षु नायको | विश्व शान्ति विहार, मीनभवन | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ५ | समिर महर्जन | प्रणिधिपूर्ण महाविहार, बलम्बु | १० | द्वितीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ६ | सबिना महर्जन | सुवर्ण छत्रपुत्र विहार, लुभु | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ७ | अस्सजि मिलन श्रेष्ठ | ज्ञानज्योति प. केन्द्र, ठमेल | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ८ | अ. त्यागवती | धर्मकीर्ति विहार, श्रीघः | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ९ | चन्द्रशोभा शाक्य | विश्व शान्ति विहार, मीनभवन | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| १० | निरोज कारञ्जित | परोपकार उ. मा.वि, भिमसेनस्थान | १० | तृतीय श्रेणी | कोविद स्वर्णपदक | | | रु३००/ | | | | |
| ११ | भिक्षु आदिच्च | विश्व शान्ति विहार, मीनभवन | ७ | बोर्ड प्रथम | | हेरादेवी शाक्य, बौद्ध | रु ७,००/ | | | | | |
| १२ | भिक्षु जुतिमा | विश्व शान्ति विहार, मीनभवन | ७ | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | रु ५,००/ | | | रु ५,००/ | | |
| १३ | अ. सुखीज्ञानी | अ. बु. प. उ. विहार, बुटवल | ७ | बोर्ड तृतीय | | अष्टरत्न धाख्वा, नागबहाल | रु ३,००/ | | | | रु ४,००/ | सुमन शाक्य |
| १४ | श्रामणेर कविन्दो | नगरमण्डप श्रीकिर्ति विहार | ६ | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार मानभवन | रु ६,००/ | | रु ५,००/ | | | |
| १५ | प्रकाश महर्जन | शाक्यसिंह प. शिक्षालय, थैना | ६ | बोर्ड द्वितीय | | धर्मबहादुर धाख्वा कृष्णगल्ली | रु ४,००/ | | | रु ५,००/ | | |
| १६ | अ. नन्दा | सुलक्षणकीर्ति विहार, चोभार | ६ | बोर्ड तृतीय | | धनबहादुर नकर्मी, ढल्को | रु २,००/ | | | | रु ४,००/ | दानमान शाक्य |
| १७ | शंकर महर्जन | शाक्यसिंह प. शिक्षालय, थैना | ५ | बोर्ड प्रथम | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रु ५,००/ | | रु ५,००/ | | | |
| १८ | अर्चना शाक्य | आनन्द वि. प. केन्द्र, पाल्पा | ५ | बोर्ड द्वितीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रु ३,००/ | | | रु ५,००/ | | |
| १९ | अ. जिन थेरी | लुम्बिनी प. केन्द्र, लुम्बिनी | ५ | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर | रु २,००/ | | | | रु ४,००/ | |
| २० | श्रामणेर सुबोधो | विश्व शान्ति विहार, मीनभवन | ४ | बोर्ड प्रथम | | दुण्डबहादुर बज्राचार्य वनबहाल | रु ४,००/ | | रु ५,००/ | | | |
| २१ | रबिन नापित | नगदेश बुद्ध विहार, नगदेश | ४ | बोर्ड द्वितीय | | तारादेवी शाक्य, ओकुबहाल | रु २,००/ | | | रु ५,००/ | | |
| २२ | प्रगति मानन्धर | बोधिचर्या वि. प. केन्द्र, बनेपा | ४ | बोर्ड तृतीय | | बाबुकाजी शाक्य, लगनखेल | रु १,००/ | | | | रु ४,००/ | |
| २३ | श्रामणेर कोविद | अ. बु. प. उ. विहार, बुटवल | ३ | बोर्ड प्रथम | | | रु ३,००/ | | रु ५,००/ | | | |
| २४ | वन्दना शाक्य | अमरापुर प. केन्द्र, बुंगमती | ३ | बोर्ड द्वितीय | | संघरत्न शाक्य, भक्तपुर | रु १,००/ | | | रु ५,००/ | | |
| २५ | अ. इन्दावती | अ. बु. प. उ. विहार, बुटवल | ३ | बोर्ड तृतीय | | | रु १,००/ | | | | रु ४,००/ | |
| २६ | पूर्ण शाक्य | ज्ञानज्योति प. केन्द्र, ठमेल | २ | बोर्ड प्रथम | | रूद्रबहादुर खड्गी, चसान | रु २,००/ | | रु ५,००/ | | | |
| २७ | सुनिता माली | वेलुवनाराम वि.प. केन्द्र, थेचो | २ | बोर्ड द्वितीय | | पूर्ण ब. मानन्धर, चसान | रु १,००/ | | | रु ५,००/ | | |
| २८ | श्रामणेर विमलो | विश्व शान्ति विहार, मीनभवन | २ | बोर्ड तृतीय | | रत्नदेवी धाख्वा, नागबहाल | रु १,००/ | | | | रु ४,००/ | |
| २९ | ऋषिनी चित्तसारी (नयाँ कोर्ष) | अ. बु. प. उ. विहार, बुटवल | १ | बोर्ड प्रथम | | | रु १,००/ | | रु ५,००/ | | | |
| ३० | राम मानन्धर (पुरानो कोर्ष) | बोधिचर्या वि. प. केन्द्र, बनेपा | १ | बोर्ड प्रथम | | | रु १,००/ | | रु ५,००/ | | | |
| ३१ | कविन्द्र रावल (नयाँ कोर्ष) | सुलक्षणकीर्ति विहार, चोभार | १ | बोर्ड द्वितीय | | मैत्री शाक्य, प्रयागपखेरी | रु १,००/ | | | रु ५,००/ | | |
| ३२ | एल्जिना श्रेष्ठ (पुरानो कोर्ष) | सुगन्ध विहार, रिडी, गुल्मी | १ | बोर्ड द्वितीय | | | रु १,००/ | | | रु ५,००/ | | |
| ३३ | डा. प्रतिमा ताम्राकार (नयाँ कोर्ष) | ज्ञानज्योति प. केन्द्र, ठमेल | १ | बोर्ड तृतीय | | अकिल शोभा मा( नन्धर, चसान | रु १,००/ | | | | रु ४,००/ | |
| घद्ध | सतिदेवी महर्जन (पुरानो कोर्ष) | धर्मकीर्ति ब. वि., बसुन्धरा | १ | बोर्ड तृतीय | | | रु १,००/ | | | | रु ४,००/ | |

# बु.सं. २५५३ (वि.सं. २०६६) परीक्षा परिणाम

| क्र.सं. | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह विहार, थैना | ७८ | ७५ | २ | ३३ | १९ | १२ | ६६ |
| २ | धर्मकीर्ति विहार, नघल | ७३ | ६० | ० | १८ | २३ | ९ | ५० |
| ३ | गण महाविहार, गणबहाल | १५ | १३ | ० | ६ | ५ | ० | ११ |
| ४ | यशोधरा बौद्ध परियत्ति केन्द्र, थैना | ६२ | ४१ | ० | ७ | ८ | १३ | २८ |
| ५ | न. म. श्रीकीर्ति विहार, कीर्तिपुर | ५७ | ४७ | ० | २२ | १६ | ४ | ४२ |
| ६ | प्रणिधिपूर्ण महाविहार, बलम्बु | ३९ | ३१ | ० | १२ | ७ | ४ | २३ |
| ७ | ज्योति विहार, चापागाउँ | २८ | २७ | ० | १७ | ८ | १ | २६ |
| ८ | दीपंकर परियत्ति शि, नागबहाल | ५७ | ५३ | ० | २५ | १२ | ५ | ४२ |
| ९ | मुनि विहार, भक्तपुर | ४४ | ४१ | ० | २२ | १२ | ५ | ३९ |
| १० | जितापुर गन्धकुटी विहार,खोना | ३२ | २५ | ० | १० | १३ | ० | २३ |
| ११ | परोपकार मा.वि., भीमसेनस्थान | ६६ | ४८ | ० | ९ | १३ | ११ | ३३ |
| १२ | अमरापुर विहार, बुंगमती | ३० | २७ | १ | १३ | ६ | ५ | २५ |
| १३ | विश्व शान्ति विहार, मीनभवन | ७० | ५३ | ६ | २६ | ८ | ८ | ४८ |
| १४ | सिद्धिमंगल विहार, ठसि | ३६ | ३० | ० | ९ | ३ | २ | १४ |
| १५ | वेलुवनाराम विहार, थेचो | ३२ | २२ | १ | ५ | ५ | ९ | २० |
| १६ | बौद्धजन विहार, सुनाकोठी | २३ | १७ | ० | १० | ४ | २ | १६ |
| १७ | अमृत बौद्ध परियत्ति शिक्षालय, स्वयम्भू | २१ | ११ | ० | ५ | २ | ३ | १० |
| १८ | लुम्बिनी परियत्ति केन्द, लुम्बिनी | ४७ | ४० | १ | ९ | १५ | १२ | ३७ |
| १९ | जगत सुन्दर ब्वनेकुथी, चागः | ३० | २३ | ० | ३ | ७ | १० | २० |
| २० | बोधिचर्या विहार, बनेपा | ३९ | २९ | २ | १५ | ८ | ४ | २९ |
| २१ | सुवर्ण छत्रपुर विहार,लुभु | २९ | २७ | ० | १२ | ५ | ९ | २६ |
| २२ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | ३३ | २१ | २ | १० | ७ | २ | २१ |
| २३ | सुलक्षणकीर्ति विहार,चोभार | ४० | ३० | २ | ६ | ७ | ८ | २३ |
| २४ | समग्र बौद्ध परियत्ति केन्द्र, कीर्तिपुर | १५ | १४ | ० | ० | ५ | ६ | ११ |
| २५ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | ३२ | १८ | ० | ४ | ७ | ७ | १८ |
| २६ | कान्ति ईश्वरी मा.बि,प्याफल | ३३ | २३ | ० | ० | ८ | १३ | २१ |
| २७ | यशोधरा बौद्ध विहार, झापा | ४१ | २२ | ० | ५ | ५ | ७ | १७ |
| २८ | बुद्धभूमि बौद्ध परियत्ति केन्द्र, टोखा | २८ | २५ | ० | ५ | ११ | ६ | २२ |
| २९ | नगदेश बुद्ध विहार, नगदेश | ४५ | १७ | १ | २ | ९ | २ | १४ |
| ३० | आनन्दकुटी विद्यापीठ,स्वयम्भू | २१ | १६ | ० | १ | १ | ९ | ११ |
| ३१ | अन्तर्राष्ट्रिय बु. प. उदय विहार,बुटवल | ५९ | ५२ | ४ | २६ | १३ | ७ | ५० |
| ३२ | धर्मशिला बुद्ध विहार, पोखरा | ३६ | २२ | ० | ११ | ७ | ३ | २१ |
| ३३ | आनन्द विहार,पाल्पा | ५३ | ४८ | १ | १३ | १४ | ११ | ३९ |
| ३४ | माझखण्ड बुद्ध विहार,माझखण्ड | ६७ | ५४ | ० | २० | १२ | १३ | ४५ |
| ३५ | शान्तिश्री बुद्ध विहार,वामी टक्सार,गुल्मी | १६ | ९ | ० | ३ | २ | ४ | ९ |
| ३६ | सुगन्ध विहार, रिडी, गुल्मी | २३ | २० | १ | १२ | ६ | ० | १९ |
| ३७ | धर्मकीर्ति बसुन्धरा प. के., बसुन्धरा | १३ | १० | १ | ६ | ३ | ० | १० |
| ३८ | जितवन विहार प. के., थानकोट | १५ | १३ | ० | १० | १ | ० | ११ |
| ३९ | सम्यक् शिक्षा स्कूल, धरान | ५८ | ५१ | ० | १४ | ७ | ७ | २८ |
| ४० | बौद्ध शान्ति परियत्ति केन्द्र ,बुलु | २८ | २० | ० | १२ | ३ | २ | १७ |
| ४१ | मातातिर्थ बौद्ध परियत्ति केन्द्र, मातातिर्थ | २७ | २४ | ० | ११ | ८ | २ | २१ |
| ४२ | धापाखेल परियत्ति शिक्षा सदन, धापाखेल | १५ | १४ | ० | २ | ४ | ५ | ११ |
| ४३ | पुण्य उदय परियत्ति केन्द्र, हरिसिद्धि | ३४ | ३० | ० | ७ | ५ | ४ | १६ |
| | **जम्मा** | १६४० | १२९३ | २५ | ४६८ | ३४४ | २४६ | १०८३ |
| | प्राइभेट | | | | | | | |
| १ | आदर्श सरल मा.वि ,नागबहाल | ३४ | ३४ | ० | १० | ० | २४ | ३४ |
| २ | यशोधरा मा.वि.,थैना | ५२ | ५२ | ० | १६ | २१ | १५ | ५२ |
| ३ | डि.ए.भि.स्कूल, जावलाखेल | ७९१ | ७५२ | ० | २१४ | १९६ | २१२ | ६२२ |
| ४ | आकृति इ.से.बो. स्कूल, कोटेश्वर | ३६ | ३६ | ० | ९ | १० | १२ | ३१ |
| ५ | सुधम्माराम विहार, कोबहाल | २२ | २२ | ० | १३ | ५ | ४ | २२ |
| ६ | भास्सरा मा वि.,पूर्णचण्डी | १०४ | १०४ | ० | ६७ | २८ | ९ | १०४ |
| ७ | लुम्बिनी परियत्ति केन्द्र,लुम्बिनी | १३६ | १३६ | ० | ४७ | ५८ | ३१ | १३६ |
| ८ | तौलेश्वर संस्कृत मा.वि.,तौलिहवा,कपिलवस्तु | ३१ | ३१ | ० | ५ | ५ | १४ | २४ |
| ९ | कन्या मन्दिर उच्च मा.वि, न्ह्योखा | ६० | ६० | ० | २८ | १३ | १५ | ५६ |
| १० | आनन्दभूवन विहार , स्वयम्भू | १५३ | १५३ | ० | ९२ | ४३ | १८ | १५३ |
| ११ | श्री बालकुमारी मा.वि., प्रयागपोखरी | २९ | २९ | ० | १९ | ९ | १ | २९ |
| | जम्मा | १४४८ | १४०९ | ० | ५२० | ३८८ | ३५५ | १०८१ |
| | | ३०८८ | २७०२ | २५ | ९८८ | ७३२ | ६०१ | २१६४ |

# अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
# नेपाल बौद्ध परियत्ति शिक्षा
## परीक्षा तलिका
### समय बिहानको ७ :३० – १० :३०

| कक्षास्तर | माघ ८ गते शनिवार | माघ १० गते सोमवार | माघ १२ गते बुधवार | माघ १४ गते शुक्रवार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

| कक्षास्तर | माघ १५ गते शनिवार | माघ १८ गते मंगलवार | माघ २१ गते शुक्रवार | माघ २४ गते सोमवार | माघ २७ गते बिहिवार | फागुन १ गते आइतवार |
|---|---|---|---|---|---|---|
| उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| कोविद प्रथम वर्ष(८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद मध्यम वर्ष (९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| कोविद अन्तिम वर्ष (१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

**परीक्षा सम्बन्धी अन्य जानकारीहरू**

परीक्षा प्रवेश शुल्क :

(क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र. तृतीय वर्षसम्म प्रतिपत्रको रू. २०।-

(ख) सद्धम्मपालक उपाधि - कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू. ३०।-, प्रति फारम रू. २।-

१. परीक्षाको आवेदन फाराम वितरण– वि. सं २०६७ कार्तिक १ गते सोमबार

२. आवेदन फाराम बुझाईसक्नु पर्ने – वि. सं. २०६७ मंसीर २९ गते बुधबार

३. ढिलो दस्तुर सहित आवेदन बुझाउने अन्तिम मिति - वि.सं. २०६७ पौष ५ गते

४. प्रवेश पत्र वितरण – वि.सं. : २०६७ पुष १० गते

५. परीक्षा नामावली र प्रवेश पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि : स : २०६७ पुष १७ गते शनिबार

६. परीक्षा परिणाम प्रकाशन – वि.सं. : २०६७ चैत्र ६ गते आइतबार सन्ध्या टाइम्स् दैनिकमा

७. दीक्षान्त समारोह – वि.सं : २०६७ चैत्र २६ गते शनिबार

८. परीक्षा माध्यम - नेपालभाषा, नेपाली र अंग्रेजी

९. मौखिक परीक्षा व्यवस्था - प्रारम्भिक तृतीयवर्ष (कक्षा ३) सम्म

१०. सद्धम्मपालक उपाधि (कक्षा ७) देखि कोविद अन्तिमवर्ष (कक्षा १०) सम्म ऐच्छिक विषय - पाली भाषा/अभिधर्म

**प्राइभेट परीक्षा सम्बन्धी जानकारी**

विशेष व्यवस्था भए अनुसार पूर्व स्वीकृति बमोजिम प:स:पा: को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा परीक्षा लिने, अनि परीक्षाफल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ ।

ढिला दस्तुर प्रति दिन रू. २ का दरले लिइनेछ । पुष ५ गते भन्दा पछि आएको आवेदन कडाईका साथ कुनै पनि हालतमा स्वीकार्य हुनेछैन ।